Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड

# नया सेवा संचालन सम्वन्धि प्रेस बिज्ञप्ति

माछापुच्छ्रे बैंक लिमिटेडले आफ्नो सेवा बिस्तारका कममा बिजया दशमी २०६४ को अवसर पारेर युवाहरु लाई लक्षित गरी नयाँ बचत योजना **युवा बचत खाता** आज देखि संचालनमा ल्याएको छ । यो योजना अन्तर्गत न्युनतम मौज्दात रु. १००। मा खाता खोल्न सकिने छ । उक्त खातामा बार्षिक ४ प्रतिशत ब्याज (मासिक न्युनतम मौज्दातमा) रु. १००। मा ATM/Debit Card, निशुल्क जुनसुकै शाखा कारोबार सुबिधा (ABBS), तथा निशुल्क मोबाईल बैकिङ्ग सेवा प्रदान गरीने छ । उक्त खाताबालाहरुलाई शैक्षिक कर्जा तथा घर कर्जाको सेवा शुल्कमा ५० प्रतिशत छुट समेत उपलब्ध हुनेछ ।

बैकिंग सेवाको पहूच बिस्तार गर्ने कममा माछापुच्छ्रे बैंकले यो सर्बसुलभ योजना संचालनमा ल्याएको हो । यस योजना बाट न्युन आय भएका बर्गको समेत आधुनिक बैकिङ्ग सेवामा पहूच बढ्ने बिश्वास बैंकले लिएको छ ।

गुणस्तरिय आधुनिक बैकिङ्ग सेवा सुबिधा प्रदान गर्ने कममा बैंकले नियमित बैकिङ्ग कारोबारका अतिरीक्त Any Branch Banking, Internet Banking, Mobile Banking, ATM, On Line Mobile Bill Payment, Telephone Bill Payment, Locker facilities, 365 days Banking जस्ता सेवाहरु प्रदान गर्दै आईरहेको छ ।

हाल बैंकले आफ्नो १३ वटा शाखाहरु तथा बालुवाटार र थापाथली मा अवस्थित बिस्तारीत काउण्टरबाट बैकिगं सेवा प्रदान गर्दै आईरहेको छ । निकट भबिष्यमानै बैंकले बाग्लुङ्ग, म्याग्दिको बेनी, तनहूको दुलेगौडा, आँबू खैरेनी, स्याङ्गजाको वालिङ्ग, बुटवल, धनकुट्टा तथा ईलाममा शाखा बिस्तार गर्ने योजना राखेको छ ।

मिति २०६४ । ६ । २५